**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १७ मार्च २०२३

समयः १८:५० – १९:०० बजे

**मुख्य समाचार**

१. भारतको निर्वाचन आयोगले लोकसभा तथा चार विधानसभा चुनावको घोषणा साथ आदर्श आचार संहिता लागू भएको छ। दार्जीलिङ पहाड़मा लगाइएका सरकारी र अन्य विज्ञापनहरूलाई हटाइन्दैछ।

२. सिक्किम र अरूणाचल प्रदेशको विधानसभा चुनावको मतगणनामा परिवर्तन गरी अब ४ को सट्टा २ जूनको दिन गरिनेछ।

३. कालेबुङको पेदोङ स्थित लोवर मेरूङ बस्तीमा एउटा घरमा आगो लाग्दा ३ जनाको ज्यान गएको छ।

४. सन्देशखाली काण्डमा सी.बी.आई–ले मुख्य आरोपी शेख शाहजहाँ गिरफ्तार भाई र अन्य दुइलाई बसिरहाट अदालतमा पेश गरेको छ।

५. राष्ट्रीय स्वयंसेवक संघको सरकार्यवाहको रूपमा दत्तात्रेय होसबलेलाई पुनः निर्वाचित गरिएको छ।

**निर्वाचन आयोग आदर्श आचार संहिता**

निर्वाचन आयोगले लोकसभा चनुाव अनि चार राज्यहरूमा विधानसभा चुनावको घोषणा पछि आदर्श आचार संहिताका प्रभावी कार्यान्वयनका लागि दिशा निर्देश जारी गरेको छ। निर्वाचन आयोगले क्याबिनेट सचिव, सबै राज्यहरूका मुख्य सचिवहरू अनि मुख्य निर्वाचन अधिकारीहरूलाई पत्र लेखेर बताएको छ– वाल पेन्टिंग, पोस्टर, पर्चा अनि यस प्रकारका सबै सामग्रीलजाई २४ घण्टाभित्र हटाउनू। रेलवे स्टेशन अनि बस अड्डाहरू जस्ता सार्वजनिक स्थलहरूबाट राजनीतिक विज्ञापनहरू भएका सबै अनाधिकृत पोस्टर, होर्डिंग अनि ब्यानरलाई ४८ घण्टाभित्र हटाइने छ। निजी सम्पतिमाथि प्रदर्शित अनाधिकृत राजनीतिक विज्ञापनहरूलाई पनि ७२ घण्टाभित्र हटाइनु पर्नेछ।

****** ० ******

**निर्वाचन आयोग चुनावी बण्ड**

निर्वाचन आयोगले सर्वोच्च न्यायालयको रजिस्ट्री बाट प्राप्त चुनावी बाण्ड सित सम्बन्धित डिजिटल डाटा आज आफ्नो वेवसाइटमा अपलोड गरेको छ। यो डाटा निर्वाचन आयोगको वेवसाइट www-eci-gov-in मा उपलब्ध छ। निर्वाचन आयोगले एउटा बयानमा भनेको छ कि सर्वोच्च न्यायालयको निर्देश अनुसार राजनैतिक दलहरुले चुनावी बाण्ड सित संबंधित डाटा सीलबंद लिफामा दिएका थिए जसलाई खोले बिना सर्वोच्च न्यायालयलाई सुम्पिदिएको पनि आयोगले बताएको छ। न्यायालयको १५ मार्च को निर्देश अनुसार सर्वोच्च न्यायालयको रजिस्ट्री ले यो डाटा सील कवरमा फिजिकल माध्यमद्वारा अनि पेनड्राइवमा चुनाव आयोगलाई फिर्ता गरिदिएको छ।

****** ० ******

**निर्वाचन आयोग अरुणाचल सिक्किम**

निर्वाचन आयोगले अरुणाचल प्रदेश र सिक्किम विधानसभा चुनावको मतगणनाको तिथिमा फेरबदल गरेको छ। यी राज्यहरुमा विधानसभा चुनावको मतगणना अब ४ जूनको साटो २ जूनमा हुनेछ। आयोगले थप भनेको छ अरुणाचल प्रदेश र सिक्किमका संसदीय निर्वाचन क्षेत्रहरुमा मतगणनाको तिथिमा कुनै फेरबदल गरिएको छैन। ३२ सदस्यीय सिक्किम विधानसभा र ६० सदस्यीय अरुणाचल प्रदेश विधानसभाको मतदान १९ अप्रैलका दिन लोकसभाको पहिलो चरणको मतदानका साथ हुनेछ। १ सय ७५ सदस्यीय आंध्र प्रदेशको विधानसभा चुनाव १३ मईको दिन एउटै चरणमा हुनेछ।

****** ० ******

**नक्सलबारी आगलागी**

नक्सलबारी आबकारी विभागको ब्यारेकमा आगलागी हुँदा भागदौड मच्चियो। उक्त आगलागीमा आबकारी विभागको फर्निचर लगायत केही समानहरू जलेर खरानी भएको छ। प्राप्त जानकारी अनुसार अधिकारीहरूले आबकारी विभागको ब्यारकमा धुँवा देखेपछि तत्कालै आगो निभाउने प्रयास गरे। यसपछि नक्सलबारी दमकल विभागको एउटा इञ्जिन घटनास्थलमा पुगेर आगोलाई पूर्ण रूपमा नियन्त्रणमा ल्याइयो। सर्ट सर्किटले गर्दा उक्त आगलागी भएको हुनसक्ने अनुमान लगाएको छ।

****** ० ******

**एसकेएम चुनाव**

आगामी लोकसभा र विधानसभा चुनावलाई ध्यानमा राख्दै सत्तारुढ एसकेएम पार्टीले नौ सदस्यीय संसदीय समिति गठन गरेको छ । यो समिति ,पार्टी अध्यक्ष प्रेमसिंह तामाङको स्वीकृतिमा गठन गरिएको बताइएको छ । समितिमा एसकेएम पार्टीका अध्यक्ष पीएस तामाङ, कुङ्गा निमा लेप्चा, अरुण उप्रेती, सोनम लामा, बेदुसिंह पन्त, भोजराज राई, रणबहादुर सुब्बा, तिलादेवी गुरुङ र देवीमाया प्रधान सामेल छन।

****** ० ******

**ट्रेन लेट**

खाद्य एवं आपूर्ती विभागमा सब-इंस्पेक्टर नियुक्ति परीक्षाको दिन कोलकातामा चलिरहेको ट्रेनहरुको कमीको कारण परीक्षार्थीहरु धेरै समस्या सित जुझ्न परेको खबर प्राप्त भएको छ। आज आइतवार छुट्टी हुनको कारण धेरै ट्रेनहरु रद्द पनि थिए। स्टेशनमा आए पछि यात्रीहरुले धेरै समय सम्म ट्रेनहरु पर्खनु परेको बताइएको छ। ट्रेनहरु निर्धारित समय भन्दा ३० देखि ४० मिनट को विलम्भमा चलिरहेको थियो। रेलवे सूत्र अनुसार भोलि सोमवार अपाहरन्न सम्म दमदम स्टेशनमा मरम्मती कार्य जारी रहनको कारण यात्रीहरुलाई कार्यालय समयमा पुग्नमा पनि समस्या हुन सक्नेछ।

****** ० ******

**सीबीआई सन्देशखाली**

सीबीआई-ले सन्देशखाली काण्डका मुख्य आरोपी शाहजहां शेखका भाइ शेख आलम गीर सहित अन्य दुइजनालाई आज बसिरहाट महकुमा अदालतमा पेश गरयो भने सन्देशखालीका पीड़ितहरूले दोषीहरूलाई कठोर दण्ड दिनु पर्ने मागका साथ दिल्लीको जन्तर मन्तरमा आज प्रदर्शन गरेका छन्।

****** ० ******

**फुलबारी आगलागी**

अर्को घटनाक्रममा, फुलबारीमा एक घर जलेर नष्ट भएको खबर प्राप्त भएको छ। उक्त घटना आज बिहान फुलबारी १ ग्राम पञ्चायत अन्तर्गत चुनाभटी क्षेत्रमा भएको हो ।रिपोर्टका अनुसार मोहम्मद निजामुद्दीनको घरमा आगलागी भएको थियो । उक्त घरमा आगलागी भएको देखेपछि स्थानीय मानिसहरू घटनास्थलमा पुगेर आगोलाई निभाउने प्रयास गरे। सर्ट सर्किटले गर्दा उक्त आगलागी भएको हुनसक्ने प्राथमिक अनुमान लगाएको छ। घटनाको खबर पाएर न्यु जलपाईगढी थाना घटनास्थलमा पुगेर जाँच शुरू गरेको छ।

****** ० ******

**आर.एस.एस**

राष्टीय स्वयंसेवक संघको प्रतिनिधि सभाले दत्तात्रेय होसबलेलाई संघको सर कार्यवाह अर्थात महासचिवको पदमा पुनः निर्वाचित गरेको छ। संघले प्रत्येक तीन वर्षमा आफनो संगठनको सरकार्यवाहको निर्वाचन गर्ने गर्छ। दत्तात्रेय होसबलेलाई वर्ष २०२१ मा सरकार्यवाह निर्वाचित गरिएको थियो। आर.एस.एस-को सामाजिक संजालमा यसको जानकारी गराउदै संघले दत्तात्रेयको कार्यकाल २०२४ अप्रेलदेखि मार्च २०२७ सम्मका लागि रहनेछ। संघको मुख्यालय नागपुरमा विगत १५ मार्च देखि संघको तीन दिने प्रतिनिधि सभाको बैठक चलिरहेको छ। यस बैठकको आज अन्तिम दिन हो। यस बैठकमा संघ अनुसार देशभरिमा विभाजित ४५ प्रान्तहरूको आर्यकारिणी क्षेत्रीय कार्यकारिणी सहित संघका अनेक अनुसांगिक संगठनहरू जस्तै विश्व हिन्दू परिषद, अखिल भारतीय जनता पार्टी सहित संगठनहरूको शीर्ष नेताहरू पनि यस बैठकमा उपस्थित रहन्छन्। नागपुरको रेशिम बाग स्थित स्मृति भवनमा आयोजित यस बैठकमा झण्डै १५ सय भन्द बढ़ी प्रतिनिधिहरू उपस्थित छन्। संघका विभिन्न सांगठनिक विषयमा यस बैठकमा छलफल गरिन्छ। राष्टीय स्वयंसेवक संघको यो प्रतिनिधि सभा सर्वोच्च नितिनिर्धारक सभा हो। नागपुर मुख्यालयमा ६ वर्ष पछि यो प्रतिनिधि सभाको आयोजना गरिएको हो।

****** ० ******

**एरेस्ट**

पश्चिम बंगाल लोक सेवा आयोगद्वारा राज्यको फूड एण्ड सप्लाई सब-इन्स्पेक्टरको प्रश्नपत्र लिक गरेको आरोपमा पाँचजना मानिसहरूलाई पक्राउ गरिएको छ। पक्रा पर्ने आरोपीहरूमा तन्मय पाल, मोहम्मद सद्दाम, आनन्द दास, जयजित दास र सुमंगल चौधरी सामेल छन्। यी सबै राज्यका विभिन्न क्षेत्रका बासिन्दा हुन्। पुलिस सूत्र अनुसार गए शनिवार सिलगढ़ी समेत राज्यका विभिन्न स्कूलहरूमा पश्चिम बंगाल लोक सेवा आयोगद्वारा राज्यको फूड एण्ड सप्लाई सब-इन्स्पेक्टरको

भर्ती परीक्षा संचालन गरिएको थियो। कथित रूपमा यी पाँचजना आरोपीहरूले आफूसित मोबाइल फोन बोकेरै परीक्षा केन्द्रभित्र प्रवेश गरे। त्यसपछि यिनीहरूले प्रश्नपत्रको तस्वीर कैद गरेर भाइरल गरिदिए। यसको शिकायत प्राप्त भएपछि पुलिसले घटनाको अनुसन्धान गर्‍यो अनि सिलगढ़ीबाट पाँचजनालाई पक्राउ गर्‍यो। सूत्र अनुसार प्रधाननगर थाना क्षेत्रको भारती हिन्दू विद्यालयबाट तीनजना मानिसहरूलाई पक्राउ गरिएको छ भने अन्य दुईमध्ये एकजनालाई नेताजी हाई स्कूल र दोस्रोलाई माटीगाड़ाको कवि सुकान्त हाई स्कूलबाट पक्राउ गरिएको छ।

****** ० ******

**<u>गोल्ड सीज्ड</u>**

अलिपुरद्वार जिल्लाको जयगांव-भूटान गेट अघि सशस्त्र सीमा बल (एसएसबी)को ५३ औ बटालियनका जवानहरुले २८ वटा सुनको बिस्कुट साथै एक व्यक्तिलाई गिरफ्तार गरेको छ। गिरफ्तार व्यक्ती हरियाणाको रहेको अनि भूटान पर्यटक बनेर घूम्न गएको बताइएको छ। यस व्यक्तीले १४ मार्चको दिन भूटान गएर भूटानको राजधानी थिम्पूबाट २८ वटा सुनको बिस्कुट किनेको थियो। सुनको बिस्कुटहरु लिएर आज भारत पस्ने समयमा एसएसबीका जवानहरुले यस व्यक्तिलाई पक्राउ गरेको हो। एसएसबीका जवानहरुले गिरफ्तार व्यक्तिलाई सुनको बिस्कुट समेत जयगांव कस्टमलाई सुम्पिदिएको छ। जफ्त सुनको बिस्कुटको अनुमानित मूल्य भारतीय मुद्रामा ३५ लाख रुपयाँ रहेको बताइएको छ।

****** ० ******

**<u>बंगाल मौसम</u>**

पश्चिम बंगालमा मौसममा फेरबदल देखिएको छ। आज राज्यका आठ जिल्लामा भारी वर्षा हुने मौसम बिभागले जनाएको छ । कोलकाता सहित आठ दक्षिणी जिल्लाहरूमा जारी गरिएको छ। कोलकाता, उत्तर २४ परगना, दक्षिण २४ परगना, हावडा, हुगली, पूर्वी मिदनापुर, पश्चिम मिदनापुर र झारग्राममा वर्षासँगै हावाको गति ५०-६० किलोमिटर प्रति घण्टा पुग्ने सम्भावना छ। यसैलाई मध्यनजर गर्दै अलर्ट जारी गरिएको हो । दक्षिण बङ्गालका अन्य जिल्लाहरू पुरुलिया, बांकुरा, पश्चिम र पूर्वी बर्दवान, वीरभूम, मुर्शिदाबाद र नदीयामा पनि प्रतिघण्टा ३०-४० किलोमिटरको गतिमा हावा चलिरहेको छ। यद्यपि यी जिल्लामा पानी पर्ने सम्भावना भने छैन। तर पनि यी जिल्लाहरुमा जारी गरिएको छ।उत्तर बङ्गालमा पर्ने जिल्लाहरुमा आगामी मङ्गलबारसम्म सुख्खा मौसम रहने छ । दार्जिलिङ, कालेबुङ, जलपाईगुडी, कुचबिहार, उत्तर र दक्षिण दिनाजपुर, मालदामामा आउँदो बुधबार र बिहीबार सामान्य वर्षा हुने संभावना छ।आज कोलकाताको न्यूनतम तापमान १२ डिग्री सेल्सियस रेकर्ड गरियो जुन सामान्यभन्दा एक डिग्री कम हो।

****** ० ******

************